
निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com

Kirloskar
Oil Engines


अधिकृत बिक्रेता:
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मो: ९८५५०२२५८०

❖ वर्ष ३५ ❖ २०७९ जेठ ०४ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 May 18 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २५९

## वीरगंज महानगरको प्रमुखमा सिंहको अग्रता कायमै

प्रस, वीरगंज, ३ जेठ/

वीरगंज महानगरपालिकाको प्रमुखमा सत्तारूढ गठबन्धनबाट जसपाका राजेशमान सिंहले अग्रता कायमै राखेका छन् । उनले निवर्तमान नगरप्रमुख एवं एमालेका उम्मेदवार विजयकुमार सरावगीभन्दा पाँच हजार ४८२ मतान्तरले अग्रता कायम राखेका छन्।


राजेशमान सिंह


विजयकुमार सरावगी


इम्तियाज आलम


पुरुषोत्तमलाल झा


रम्भा मिश्र

शनिवारदेखि शुरू भएको मतगणना मङ्गलवारसम्म नौवटा वडाको मतगणना जारी रहँदा जसपाका सिंहले नौ हजार ७६८ मत पाएका छन् भने एमालेका सरावगीले चार हजार २८६ मत पाएका छन् ।

यसैगरी, नगरप्रमुखमा राष्ट्रिय प्रजातन्त्र पार्टीका गिरीश गिरीले ३४१ मत प्राप्त गरेका छन् ।

महानगरको उपप्रमुखमा सत्तारूढ गठबन्धनबाट नेपाली काङ्ग्रेसका इम्तियाज आलमले छ हजार ६६१ मतले अग्रता बनाइराखेका छन् ।

शुरूदेखि उपप्रमुखमा उनको अग्रता मङ्गलवारसम्म कायम छ ।

एमाले र लोसपा गठबन्धनबाट उपप्रमुखका उम्मेदवार पुरुषोत्तमलाल झाले एक हजार ८१ मत पाएका छन् ।

स्वतन्त्र उम्मेदवार रम्भा मिश्रले ७७६ मत र राप्रपाकी उम्मेदवार वीणा जैसवाल कुर्मीले ५३९ मत पाएकी छन् ।

वीरगंज महानगरको वडा नं ३, ४, ५, ६, २८ र २९ गरी छवटा वडाको मतगणना जारी छ । वडा नं ३ को अध्यक्ष पदमा जसपाका बैजु स्वर्णकारले ५२२ र नेकाका अनवर अन्सारीले ४७८ मत ल्याएका छन् ।

वीरगंज महानगरको प्रमुख पदको १९ हजार ४०९ मत गणना गर्दा सदर मत १४ हजार ५२२ र बदर मतको सङ्ख्या चार हजार ८८७ रहेको छ ।

त्यस्तै, उपप्रमुख पदको १९ हजार ४०९ मत गणना गर्दा सदर मत नौ हजार २३९ र बदर मतको सङ्ख्या १० हजार १७० रहेको छ ।

## पोखरिया नपाको प्रमुखमा प्रद्युम्न चौहान र उपप्रमुखमा रुवि ठाकुर विजयी

प्रस, पोखरिया, ३ जेठ/

पोखरिया नगरपालिकाको प्रमुखमा



एमालेका प्रद्युम्न चौहान र उपप्रमुखमा एमालेकै रुवि ठाकुर विजयी भएका छन्।

मङ्गलवार निर्वाचन अधिकृतको कार्यालयले एमालेका चौहान र ठाकुर विजयी भएको घोषणा गरेको थियो । घोषणासँगै पोखरिया नगरपालिकामा एमालेको विजय जुलुस निकालिएको थियो।

पोखरिया नगरपालिकामा यसअघि तत्कालीन नेपाल जनता दलबाट दीपनारायण रौनियार र जसपाबाट सलमा खातुन विजयी भएका थिए । रौनियार यो स्थानीय चुनावमा नेपाली काङ्ग्रेसबाट उम्मेदवार थिए भने उपप्रमुख खातुनले आफ्नो दलबाट टिकट पाइनन् ।

## छिपहरमाई गाउँपालिकाको मतगणना पुनः शुरू

सुग्रीव साह, भिस्वा, ३ वैशाख/

छिपहरमाई गाउँपालिकाको मतगणना मङ्गलवार बिहानदेखि पुनः शुरू


वडा नं २ को अध्यक्षमा एमालेका महेन्द्र कलवार ।

भएको छ ।

मतगणनामा धाँधली भएको भन्दै आइतवार साँझ ६ बजेदेखि विवाद बढेर मतगणना स्थगित भएको थियो । मतगणना सङ्ख्या घोषणा गर्ने बेलामा कर्मचारीले ३० मत बढाएर घोषणा गरेको भन्दै अन्य उम्मेदवारहरूले विरोध जनाएका थिए ।

सो सम्बन्धमा आज छानबीन पूरा भई बढाएको अङ्क घटाएपछि मतगणना गर्न सहमति बनेको थियो । बिहान ८ बजेदेखि मतगणना शुरू भएको हो ।

जारी मतगणनामा पाँच हजार ४४० मत गणना हुँदा अध्यक्षमा एमालेका मनोजकुमार गुप्ताले एक हजार ९१२ मत प्राप्त गरेका भने उपप्रमुखमा मोदिना खातुनले एक हजार ६२५ मत प्राप्त गरेकी छन् ।

प्रमुखमा नेपाली काङ्ग्रेसका नवीन सिंहले एक हजार ४३ मत र उपप्रमुखमा लीलावती देवीले एक हजार १७० मत प्राप्त गरेकी छन्।

मङ्गलवार वडा नं २ को अध्यक्षमा एमालेका महेन्द्र कलवार विजयी भएका छन् ।

## पर्सागढीमा साह, रायभर र तामाङ वडाध्यक्षमा विजयी

बलिराम शुक्ला, बिरुवागुठी, ३ जेठ/

पर्सागढी नगरपालिका वडा नं ३, ६ र ७ को मतगणना सम्पन्न भएको छ ।

पर्सागढी नगरपालिका वडा नं ६ मा स्वतन्त्र उम्मेदवार नवलकिशोर साह विजयी भएका छन् ।

साहले ४९८ मत ल्याएर विजयी भएका हुन् भने उनका निकटतम प्रतिस्पर्धी एमालेका रामनरेशप्रसाद यादवले ४५३ मत ल्याएका थिए। साहले एमालेबाट टिकट नपाएपछि स्वतन्त्र उम्मेदवारी दिएका थिए ।

पर्सागढी नगरपालिका वडा नं ७ बाट नेपाली काङ्ग्रेसका शङ्कर रायभर प्यानलसहित विजयी भएका छन् । रायभर ६२३ मत ल्याएर विजयी भए भने उनका निकटतम प्रतिद्वन्द्वी जनता समाजवादी पार्टीका रामजीसाह तेली ५१० मत ल्याएर पराजित भए ।

यसैगरी, पर्सागढी नगरपालिका वडा नं ३ मा नेपाली काङ्ग्रेसकै सुकमान तामाङ विजयी भएका छन्। उनले नेकपा एमालेका उम्मेदवार विष्णु थिङलाई पराजय गरेका हुन्। मतपरिणाम आउन बाँकी रहेको छ ।

पर्सागढी नगरपालिकाको प्रमुखमा एमालेका गोकर्ण पाठक र उपप्रमुखमा पूजा चौधरीले आफ्ना प्रतिद्वन्द्वीलाई पछाडि पारेर अग्रता कायमै राखेका छन्।





## कटुवा पेस्तोल र चुप्पीसहित दुईजना पक्राउ

प्रस, निजगढ, ३ जेठ/

निजगढ नगरपालिका-११ रतनपुरबाट एक थान कटुवा पेस्तोल, एक थान चुप्पी,

तस्वीर: प्रतीक






एक थान फलामे गल खन्ती, दुई थान फलामे डन्डी र दुई थान मोटरसाइकलसहित दुईजना पक्राउ परेका छन् ।

वडा नं ११ निवासी २१ वर्षीय रुद्र चौधरी र २० वर्षीय शिव चौधरीलाई पक्राउ गरेको इलाका प्रहरी कार्यालय, निजगढले जनाएको छ। उनीहरू चढेको ना.८प ३५६३ र बा.२५प ९८१४ नम्बरको मोटरसाइकल पनि स्थानीयले नियन्त्रणमा लिएर प्रहरीलाई बुझाएका छन् । उनीहरूले बस्तीमा आतङ्क मच्चाउन खोजेपछि स्थानीयहरूले घेरा हाली नियन्त्रणमा लिएर प्रहरीको जिम्मा लगाएका हुन् ।

अस्थायी प्रहरी चौकी रतनपुर र इप्रका, निजगढ, सशस्त्र प्रहरीसमेतको सुरक्षा टोलीले स्थानीयले नियन्त्रणमा लिएका दुईजना युवक र उनीहरूबाट बरामद सामान प्रहरीको जिम्मा लगाएको इप्रका, निजगढका प्रमुख प्रहरी निरीक्षक सञ्जीव ओलीले बताए। ओलीले एक थान कटुवा पेस्तोल र अन्य फलामे घरेलु हतियार स्थानीयले उनीहरूबाट बरामद गरी प्रहरीको जिम्मा लगाएको बताए । उनीहरूसँग रहेका अन्य व्यक्ति फरार रहेको र उनीहरूको खोजी कार्य भइरहेको प्रनि ओलीले बताए ।

## वीरगंज महानगरमा जितेका वडाध्यक्षहरू

प्रस, वीरगंज, ३ जेठ/

वीरगंज महानगरको जारी मत


मनोजराउत कुर्मी


महम्मद रेयाज मियाँ तेली


मनोजकुमार यादव


जीतेन्द्र यादव

गणनामा पाँचजना वडाध्यक्षमा विजयी भइसकेका छन् । शनिवार दिउँसोदेखि जारी मतगणनामा सोमवारदेखि वडाध्यक्षहरूको विजय घोषणा शुरू भएको हो ।

ढिलो गरी मतगणना भइरहेको कारण मङ्गलवार चौथो दिनसम्म चार वटा वडाको मात्र मतगणना टुङ्गो लाग्न सकेको छ । वीरगंज महानगरको वडाध्यक्षमा सबैभन्दा पहिले वडा नं ३२ बाट जसपाका रेयाज अहमद निर्वाचित भएको घोषणा गरिएको थियो । उनले प्यानलसहित विजय हासिल गरेका छन्।

मङ्गलवार थप तीनवटा वडाका अध्यक्ष घोषणा भएको छ ।

वडा नं १ बाट जसपाकै मनोजराउत कुर्मी विजयी भएका छन् भने वडा नं २ बाट नेपाली काङ्ग्रेसका महम्मद रेयाज मियाँ तेली, र वडा नं ३१ बाट एमालेका जीतेन्द्र यादव विजयी भएका छन् ।

अहिले महानगरको मतगणना जारी छ। छवटा वडाको मतगणना भइरहेको छ ।

वडा नं ३, ४, ५, ६, २८ र २९ को मतगणना भइरहेको बताइएको छ ।

## विचारसार र सूक्तिहरू

आफ्ना गलतीहरूको पछि नलाग। तिनलाई खुडकिलो बनाऊ र अगाडि बढ।

–गौतम बुद्ध


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com

Website: www.prateekdaily.com


# विद्युतीय मतदान यन्त्रको प्रयोग जरुरी

**स्थानीय तहको निर्वाचनमा भएको ढिलो मतगणनाले नेपाल सरकारले आगामी चुनावमा विद्युतीय मतदान यन्त्रको व्यवस्था गर्नुपर्ने देखिएको छ । देशभर अहिले मतगणना भइरहेको छ । तर मतपरिणाम भने ढिलो गरी आउने क्रममा छ । चुनावमा उम्मेदवार बन्नेहरूको लर्को बढ्ने हुनाले अहिलेसम्म नेपालमा विद्युतीय मतदान यन्त्रको प्रयोग हुन नसकेको हो । यो यन्त्रको प्रयोगको बारेमा पहिलो संविधानसभाको निर्वाचनमा प्रयास भएको थियो । तर उम्मेदवारहरूको सङ्ख्या बढी भएको र यन्त्रमा त्यतिका उम्मेदवारहरूको चुनाव चिह्न समावेश हुने प्रविधि नभएकोले प्रयोगमा आउन सकेन । पहिलो संविधानसभामा विद्युतीय मतदान यन्त्रको प्रयोगबारेमा निर्वाचन आयोगले कर्मचारीहरूलाई तालीम दिएर प्रशिक्षित गर्दै नमूना मतदान पनि गरेको थियो । तर उम्मेदवार सङ्ख्या घटाउनेबारेमा पूर्वतयारी नगरेका कारण यन्त्र सफल हुन सकेन। त्यसपछि नेपालमा योसमेत चारवटा चुनाव सम्पन्न भइसके पनि अहिले सम्पन्न स्थानीय तहको चुनावमा विद्युतीय मतदान यन्त्रको प्रयोग गर्न सकिएन ।**

**सामान्यतया देशभर उम्मेदवार बनेकाहरूको तुलना गर्दा दलगतरूपमा उम्मेदवारी दिएकाहरूमा पनि ठूला र साना दलहरूका उम्मेदवारहरू आआफ्नो क्षेत्रमा बलिया देखिएका छन् । तीबाहेक स्वतन्त्र उम्मेदवारहरू नगण्य ठाउँमा मात्र चर्चामा आएका छन् । होइन भने अधिकांश स्वतन्त्र तथा साना दलहरू अङ्क गणितीय हिसाब पूरा गर्नका लागि उम्मेदवार बनेका र बनाइएका छन्। साना दलबाट र स्वतन्त्र उम्मेदवार हुन नपाउने कानूनमा व्यवस्था छैन। सबै नागरिकलाई चुनावमा समानरूपबाट उम्मेदवार हुन पाउने संवैधानिक अधिकार छ। तर यसो भन्दैमा उम्मेदवारले पनि आफ्नो मत अरूलाई दिने, जसको प्रस्तावक र समर्थक बसेका छन् उनीहरूले पनि मत नदिने परिपाटीलाई जारी राख्नु भनेको निर्वाचन प्रक्रियाको खिल्ली उडाउनु हो । वीरगंज महानगरपालिकाको मात्र उदाहरण लिने हो भने यहाँ स्थानीय तहको निर्वाचनमा नगरप्रमुखमा ३० जनाले उम्मेदवारी दिएका थिए। उनीहरूमध्ये गठबन्धनका कारण दुईजना र फरक दलबाट एकजनाबाहेक चौथोदेखि माथि तीस अङ्कसम्मका उम्मेदवारहरूले न प्रचारप्रसार गरे, न उनीहरूलाई जनताले मत नै दियो। अब आफैंले आफैंलाई मत नदिने अवस्थाका उम्मेदवारहरूलाई जनताले कसरी पत्यार गर्ने ? यो कुरा निर्वाचन आयोगलाई पनि थाहा नभएको होइन कि स्वतन्त्र उम्मेदवारी सवारीसाधनको प्रयोग, मतगणनामा सहभागिताका लागि दिइन्छ ।**

**यस्ता स्वतन्त्र उम्मेदवारहरू चुनावमा सहभागी हुन नपाऊन् र साना दलहरूले पनि आफ्नो प्रभाव क्षेत्रमा मात्र उम्मेदवार बनाऊन् भन्नेबारेमा अनुसन्धान गरी उम्मेदवारी सङ्ख्यालाई नियन्त्रण गर्ने हो भने अर्को चुनावमा हाम्रो देशमा पनि विद्युतीय मतदान यन्त्रको प्रयोग सम्भव हुन सक्छ। अहिले मतगणनामा ठूलो सङ्ख्यामा सुरक्षाकर्मीहरूको परिचालन, कर्मचारीको खटनपटनमा लाग्ने अनावश्यक आर्थिक व्ययभारबाट सरकारसँगै उम्मेदवारहरूले पनि निजात पाउने थिए। मतगणनाको चौथो दिन बित्न लाग्दा पनि एक चौथाइ मतगणना हुन सकेको छैन। विद्युतीय यन्त्रको प्रयोग भएमा यो अवस्था हुँदैन थियो र दोस्रो दिनसम्म मतगणना सकिन्थ्यो। तसर्थ आगामी चुनावमा यस प्रकारको बेथिति नहोस् भनेर सरकारले अहिलेदेखि विचार पुऱ्याउन जरुरी छ।**

# चर्चा अर्थतन्त्रकै

स्वतन्त्र विचार



विनोद गुप्ता

> **आउँदो बजेटमा सरकारले राष्ट्रिय उद्योगहरूलाई टेवा दिन निकासी–पैठारी दरमा निकै हेरफेर गर्ने सुनिएको सन्दर्भमा कृषि क्षेत्रतर्फ समेत उद्योग र पर्यटन जतिकै वा साँच्चै भन्ने हो भने कृषिलाई सबभन्दा बढी प्राथमिकतामा राखी नीति निर्माण गर्नु जरूरी छ ।**

स्थानीय चुनावलगत्तै अब देश बजेटको चर्चाले भरिने छ। यस वर्ष १८ खर्बको बजेट आउने अनुमान गरिंदै छ। स्थानीय चुनावमा गठबन्धनले गरेको वाचा र आसन्न संसदीय निर्वाचनलाई ध्यानमा राख्ने हो भने सरकारसँग लोकप्रिय र चुनावमुखी बजेट ल्याउनुको विकल्प पनि छैन । पूँजीगत शीर्षकको बजेट नै खर्च नहुने अवस्थामा अनुत्पादक क्षेत्रमा बजेट खर्चिनु आर्थिक स्वास्थ्यको लागि नराम्रो भए पनि सत्तामा बसिरहन यो सरकारको बाध्यता हुन पुगेको छ । गठबन्धन सरकारमा सम्मिलित दलहरूले अगाडि सारेको घोषणापत्रका २५ कार्यक्रमहरू पनि संसदीय चुनाव अघि कार्यान्वयन हुन सकेन भने गठबन्धनलाई संसदीय चुनावमा जीत हासिल गर्न अत्यन्त अप्ठ्यारो हुने देखिन्छ । यस्तो अवस्थामा सरकारले दशवटा विलासिताका वस्तुहरूको आयातमा रोक लगाएको छ । यस रोकको उद्देश्य विदेशी मुद्राको सञ्चिति बढाउनु हो भन्ने बुझिन्छ । तर वास्तविकता बेग्लै छ । तथ्याङ्कको आधारमा रक्सी, ताश तथा स्न्याक्सहरूको प्रतिबन्धले खासै सञ्चिति हुने अवस्था देखिंदैन किनभने करीब १९ सय किलोमिटर खुला सिमानाबाट भारतीय उत्पादनहरू सेटिङबाट नेपाल आउन कहिले रोकिएको छैन । तर वाहनको हकमा भने चालू आवको आयात खुला भएसम्म ४७० मिलियन अमेरिकी डलर खर्च भइसकेको थियो । यो कुल आयातको ८ प्रतिशत हुन आउँछ। यसको आयातबाट सरकारलाई ठूलो राजस्व पनि प्राप्त हुन्छ किनभने यसको कारखाना मूल्यमाथि २५० प्रतिशतसम्म कर लगाइएको हुन्छ ।

यसबाहेक प्रतिबन्धको सूचना लिक भएको कारण प्रतिबन्ध लाग्नु अगावै ६ सय गाडीको एलसी खोलिएको समाचारमा कुनै सत्यता छ भने झन् यस प्रकारको कदमको कुनै औचित्य नै रहन्न। नेपालको विदेशी मुद्राको मुख्य आयस्रोत रेमिट्यान्स र पर्यटन नै हो । यसबाहेक निर्यात, वैदेशिक सहयोग, लगानी र पेन्सन हो। निर्यातको सम्बन्धमा सरकारी तथ्याङ्क ठीक भए पनि वास्तविकतामा आधारित छैन। हामीले सबैभन्दा बढी निर्यात गरेको वस्तु तेल हो, जस अनुसार हाम्रो कुल निर्यात गत वर्षको भन्दा ८२.९ प्रतिशतले बढेर १४७.७५ करोड हुन पुगेको छ । तर यसमध्ये सबैभन्दा बढी निर्यात तेलको भएको छ जुन नेपालमा उत्पादन नहुने भएकोले डलरमा खरीद गरेर हामी भारतमा भारतीय मुद्रामा निर्यात गर्छौं। यसरी नेपालले डलर खर्च गरेको तुलनामा नेपालले पाउने प्रोसेसिङ मूल्य र मुनाफा मात्रै हो, जसको हिस्सा अत्यन्त न्यून हुन्छ। कमोबेस यही अवस्था पोलिस्टर धागो र उनी गलैंचाको पनि छ ।

| प्रदेश | आर्थिक वृद्धिदर | कुल गार्हस्थ्य उत्पादन |
|---|---|---|
| १ | ५.४ प्रतिशत | ७ खर्ब ६३ अर्ब |
| गण्डकी | ६.२ प्रतिशत | ४ खर्ब ३२ अर्ब |
| लुम्बिनी | ५.४ प्रतिशत | ६ खर्ब ८५ अर्ब |
| सुदूरपश्चिम | ४.९ प्रतिशत | ३ खर्ब ३९ अर्ब |

देशभित्र ओली सरकारको पालामा असन्तुलित भएको वैदेशिक सम्बन्धका कारण प्रतिबद्धताको कुल २३ प्रतिशत मात्र वैदेशिक सहयोग प्राप्त भएको देखिन्छ भने वैदेशिक लगानीमा चालू आवमा १६ बिलियन रुपियाँ मात्र भित्रिएको देखिन्छ । यस्तो अवस्थामा ठूलो आकार अर्थात् १८ खर्बको बजेट बनाउँदा आन्तरिक राजस्वतर्फ प्रत्यक्ष र अप्रत्यक्ष करको दर वा दायरा बढाउनुपर्ने बाध्यताका साथै आन्तरिक एवं बाह्य ऋणको भार बढ्न गई अर्थतन्त्रमा थप जटिलता उत्पन्न हुने सङ्केत देखिन्छ । किनभने बैंकहरू आर्थिक तरलताको अवस्थाबाट गुज्रिरहेका छन् । र विभिन्न कारणले मुद्रा स्फीतिसमेत ७.१४ प्रतिशत पुगिसकेको छ ।

यसै बेला केन्द्रीय तथ्याङ्क विभागले प्रदेशगत रूपमा यस वर्ष समग्र देशको आर्थिक वृद्धिदर ६.७ प्रतिशत रहने, प्रक्षेपणको आधारमा अनुमान प्रस्तुत गरेको छ। यस अनुसार बागमती प्रदेश सबैभन्दा ठूलो अर्थतन्त्र र बढी आर्थिक वृद्धिदर भएको प्रदेशको रूपमा देखिएको छ। चालू आवमा कुल गार्हस्थ्य उत्पादन १७ खर्ब ९१ अर्ब हुने र यसले राष्ट्रिय अर्थतन्त्रमा ३६.९ प्रतिशत योगदान गर्ने देखिएको छ। बागमती प्रदेशको राष्ट्रिय जिडिपीमा २५.१ प्रतिशतको योगदान हुने अपेक्षा गरिएको छ। यसैगरी सबैभन्दा कम वृद्धिदर हासिल गर्ने प्रदेशको रूपमा मधेस प्रदेश र कर्णाली प्रदेशको पहिचान भएको छ। मधेस प्रदेशको यस वर्षको आर्थिक वृद्धिदर ४.८ प्रतिशत रहने र कुल गार्हस्थ्य उत्पादन ६ खर्ब ४४ अर्ब हुने भई राष्ट्रिय अर्थतन्त्रमा १३.२ प्रतिशतको योगदान रहने अनुमान छ। मधेस प्रदेशमा कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी योगदान कृषि क्षेत्रको ३४.३ प्रतिशत रहने भनिएको छ । त्यसैगरी कर्णाली प्रदेशको आर्थिक वृद्धिदर ५.५ प्रतिशत रहने अनुमानको आधारमा कुल गार्हस्थ्य उत्पादन १ खर्ब ९८ अर्ब पुग्ने र राष्ट्रिय अर्थतन्त्रमा यसको योगदान ४.१ प्रतिशत रहने देखिन्छ।

तथ्याङ्क विभागको यो रिपोर्ट अध्ययन गर्दा बागमती प्रदेशमा मात्रै थोक र खुद्रा व्यापारको योगदान २५.१ प्रतिशत रहेकोबाहेक बाँकी सबै प्रदेशहरूमा जिडिपीमा सबभन्दा बढी योगदान कृषि क्षेत्रको रहेको देखिन्छ। जुन यस प्रकार छ:

प्रदेश १– ३३.१ प्रतिशत

मधेस प्रदेश– ३४.३ प्रतिशत

गण्डकी प्रदेश– २६.० प्रतिशत

लुम्बिनी प्रदेश– २९.४ प्रतिशत

कर्णाली प्रदेश– ३१.५ प्रतिशत

सुदूरपश्चिम प्रदेश– ३३.५ प्रतिशत


सरकारकै तथ्याङ्क विभागले प्रकाशित गरेको ये रिपोर्टले के देखाउँछ भने अझै पनि सबैभन्दा ठूलो अन्नदाता, रोजगारदाता एवं अर्थतन्त्रको टेवादाता कृषि क्षेत्र नै छ। तर प्रजातन्त्र स्थापनाको तीस वर्ष बितिसक्दासमेत कृषि आधुनिकीकरणको जतिसुकै नारा दिए पनि न एउटै नयाँ सिंचाइ योजना आयो न पुरानै पूरा भयो। उन्नत बीउ–बिजन, मलखाद एवं कृषि प्राविधिक सेवासमेत अत्यन्त न्यून स्तरमा रहँदा पनि कृषिले अर्थतन्त्र सम्हाल्न ठूलो मदत गरेको छ। त्यसो भए यो यति विधि उपेक्षित किन छ ? आउँदो बजेटमा सरकारले राष्ट्रिय उद्योगहरूलाई टेवा दिन निकासी–पैठारी दरमा निकै हेरफेर गर्ने सुनिएको सन्दर्भमा कृषि क्षेत्रतर्फ समेत उद्योग र पर्यटन जतिकै वा साँच्चै भन्ने हो भने कृषिलाई सबभन्दा बढी प्राथमिकतामा राखी नीति निर्माण गर्नु जरूरी छ।

# नेपालमा करीब ४७ लाख उच्च रक्तचापका बिरामी

काठमाडौं, ३ जेठ/रासस

नेपालमा ४७ लाख मानिसमा उच्च रक्तचापको समस्या रहेको अनुमान छ। विश्व उच्च रक्तचाप दिवसका अवसरमा स्वास्थ्य सेवा विभागले आयोजना गरेको पत्रकार अन्तर्क्रिया कार्यक्रममा इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा चुमनलाल दासले ४७ लाख मानिसमा उच्च रक्तचापको समस्या रहेको बताए। उनका अनुसार तीमध्ये १० लाख मानिसलाई आफ्नो उच्च रक्तचापको अवस्थाबारे जानकारी रहे पनि चार लाख मानिसले मात्र औषधिसेवन गर्ने गरेका छन् । औषधिसेवन गर्नेमध्ये दुई लाख मानिसको मात्र उच्च रक्तचाप नियन्त्रणमा रहेको उनको भनाइ थियो ।

उच्च रक्तचाप तनाव, प्रदूषण, अस्वस्थकर खाना, मद्यपान, सुर्तीजन्य पदार्थको प्रयोग र निष्क्रिय जीवनशैलीले हुने गर्दछ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा रोशन पोखरेलले रक्तचापबाट बच्नका लागि सन्तुलित जीवनशैली अपनाउनुपर्ने बताए । उनले नसर्ने रोगलाई मन्त्रालयले प्राथमिकतामा




राखेर बजेट विनियोजन गर्ने तयारीसमेत गरेको जानकारी दिए ।

उच्च रक्तचापका कारण मस्तिष्कघात, हृदयाघात, मुटु तथा रक्तनलीसम्बन्धी रोग, दीर्घ मिर्गौलाको समस्याजस्ता रोग लागेर अकालमैं मानिसको मृत्यु हुने गर्दछ। मन्त्रालयका प्रमुख विशेषज्ञ डा श्यामसुन्दर यादवले रक्तचापबाट बच्नका लागि नून र चिनीको मात्रा कम गर्नुपर्नेमा जोड दिए । उनले उच्च रक्तचापमा सर्वव्यापी गुणस्तरीय समतामूलक स्वास्थ्य सेवाको पहुँच बढाइ यस वर्ष नियमित औषधिसेवन गर्ने सङ्ख्या १० लाख पुऱ्याउने बताए ।



विभागका महानिर्देशक डा दीपेन्द्ररमण सिंहले रक्तचापको उपचारसँगै जनचेतनासमेत जगाउनुपर्ने बताए । उनले रक्तचापको रोकथामका लागि स्वास्थ्यचौकी, प्राथमिक स्वास्थ्य केन्द्र र अस्पतालबाट नै विशेष सेवा प्रवाह गरिरहेको जानकारी दिए । महानिर्देशक सिंहले नियमित रक्तचाप परीक्षण र औषधिसेवनले रोगको रोकथाम गर्न सकिने बताए ।

वरिष्ठ हृदयरोग विशेषज्ञ डा ओममूर्ति अनिलले १५ देखि २४ वर्ष उमेर समूहमा उच्च रक्तचाप १० प्रतिशत र ४० वर्षभन्दा माथिका ५० प्रतिशत मानिसमा उच्च रक्तचाप देखिएको जानकारी दिए । उनले काठमाडौंमा पेशागतरूपमा काम गर्ने युवामा बढी उच्च रक्तचाप देखिएको छ भने ।

डा अनिलले नूनले मात्र उच्च रक्तचाप नभएर गुलियो र चिल्लो खानेकुरा खाँदा पनि रक्तचाप बढ्ने बताए। उनले ५० प्रतिशत मानिसले आफूमा उच्च रक्तचाप भएको थाहा नपाउने भएकाले यसको रोकथामका लागि विद्यालय तहदेखि नै पाठ्यक्रममा रक्तचाप र मुटुको रोगसम्बन्धी पठनपाठनको व्यवस्था गर्नुपर्नेमा जोड दिए।

‘दीर्घ जीवनको आधार: नियमित रक्तचाप परीक्षण, नियन्त्रण र उपचार’ भन्ने मूल नाराका साथ नेपालसहित विश्वभर नै यो दिवस मनाइँदै छ। टाउको दुख्ने, रिङ्गटा लाग्ने, थकाइ महसूस हुने, एक्कासि नाकबाट रगत बग्ने, वाकवाकी लाग्ने, मुटुको धड्कन बढ्नेजस्ता समस्या उच्च रक्तचापका लक्षण हुन् । उच्च रक्तचापबाट बच्नका लागि धूमपान तथा मदिरासेवन नगर्ने, हरियो सागसब्जी तथा फलफूल धेरै खाने, खानामा नूनको प्रयोग कम गर्ने, रातो र धेरै बोसोयुक्त मासु कम खाने, नियमित व्यायाम तथा योग गर्ने गर्नुपर्दछ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४८

# एक मतान्तरले बाजी मार्ने विजयी उम्मेदवारहरु

महोत्तरी, ३ जेठ/रासस

थाक लगाइएका मत गणना भएर घट्दै गएपछि तीव्र प्रतिस्पर्धाका उम्मेदवारमा छटपटी बढ्न थाल्छ । दुई/तीन मत मात्र गन्न बाँकी छँदा मतगणना गर्ने कर्मचारी भन्छन्, “ल, वडाध्यक्षमा गोलाकारभित्रको हँसिया हथौडा एक। एक मतले यो चिह्न बढ्यो। अब दुई मत मात्र गन्न बाँकी छ,” अर्को मतपत्र लिंदै ती कर्मचारी भन्छन्, “ल जेब्राको एक।” वडाध्यक्षमा मत बराबर हुन्छ। अब घोप्टिएको अन्तिम एकमात्र मतपत्र गन्न बाँकी छ। व्यग्रता बढ्दैछ, सम्बन्धित उम्मेदवार र उम्मेद्वारका गणना प्रतिनिधिको । “ल, यो पनि वडाध्यक्षमा जेब्राको,” कर्मचारीको यो भनाइले एकथरीमा खुशी र अर्को पक्षमा सन्नाटा छाउँछ। बर्दिबास नगरपालिका–१४ को मतगणना स्थलको दृश्य यो सोमवार रातिको हो।



वडाध्यक्षमा विजयी विजयकुमार महतो ।

हो, यस्तै व्यग्रताबीच जेब्रा चिह्नका वडाध्यक्षाका स्वतन्त्र उम्मेदवार विजयकुमार महतोले नेपाली काङ्ग्रेसका भरत हमाललाई एक मतले पछि पार्दै विजयी भए । महतोको प्राप्त मतमा अन्तिम मतपत्रले ५०८ पुर्‍यायो । हमाल ५०७ मैं अड्किए। एक मतले विजयी ! जिल्लामा एकै मतले वडाध्यक्ष पद हात पर्ने महतोजस्तै अन्य दुईजना पनि छन्। बर्दिबास–७ मैं यसअघि जेब्रा चिह्नकै रामसोगारथ यादवले आफ्ना निकटतम प्रतिस्पर्धी नेकपा (माओवादी केन्द्र)का सुरेन्द्रकुमार सिंह कोइरीलाई पछि पारे। कोइरीले ७२६ र यादवले ७२७ मत पाएको निर्वाचन अधिकृतको कार्यालयले पुष्टि गरिसकेको छ । यो गणनामा पनि बर्दिबास–१४ कै जस्तो व्यग्र कौतुहलता भएको थियो । मतगणना स्थलका सबैको आँखा अन्तिम मतपत्रमैं गडेको देखिन्थ्यो।



रामसोगारथ यादव

यसैगरी, गत वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा एकै मतले जीत हात पार्ने अर्का भाग्यमानी जिल्लाकै महोत्तरी गाउँपालिका–१ का लोकतान्त्रिक समाजवादी पार्टी नेपालका रञ्जीतकुमार चौधरी हुन् । उनी ३६६ मत प्राप्त गरी विजयी भए भने निकटतम प्रतिस्पर्धी नेकपा (एमाले)का मोहम्मद अनामुल राइनले ३६५ मैं अडेर हार बेहोर्न बाध्य हुनुपर्‍यो। त्यहाँ पनि एकै मतले विजयी !

एकै मतले विजयी भएका तीनैजनाले ‘जनताको विश्वासको परिणाम’ भन्दै वडाका सबै जनतालाई काखापाखा नगरी सेवा गर्ने प्रतिबद्धता जनाएका छन् । “अहिले व्यक्त मतको उच्च सम्मान गर्छु, जनताको सेवामा समर्पित हुन्छु,” बर्दिबास–१४ का नवनिर्वाचित वडाध्यक्ष महतोले भने। महोत्तरी–१ का चौधरी र बर्दिबास–७ कै यादवले पनि महतोको जस्तै प्रतिबद्धता जनाएका छन् ।

निर्वाचनमा होमिएका उम्मेदवारलाई हार वा जीतको नतीजा स्वाभाविक नै भएपनि एक मतको फरकले भने हार्नेलाई पिरोल्दो रहेछ। मतदानमा छुटेका कैयौं आफन्तलाई सम्झँदै ‘उहाँ आउनुभएको भए त...’ भन्ने पनि भेटिएका छन् ।

सर्वसाधारणले पनि एक मतको हारजितलाई खास घटनाका रूपमा लिएका पाइएको छ। “जित्नै रहेछ, दुई अझै थपिएको भए त हुन्थ्यो नि !” बर्दिबास–७ की मतदाता मुना खत्रीले भनिन्, “एकै मतले भन्ने सुन्दा हार्ने र सुन्नेलाई ज्यादै थकथक लाग्ने रहेछ।” जिल्लामा अहिले मुस्किलले ४० प्रतिशत मतपरिणाम सार्वजनिक भएको छ । मतगणना जारी रहेका स्थानीय तहहरूमा अझै एकै मतको विजयत्रात्रा हेर्न र देख्न पाइने सम्भावना रहेको प्रतिक्रिया दिने पनि भेटिएका छन्। “अझै यस्तो देखिन सक्छ तर कामना गर्छु, त्यस्तो नहोस्,” बर्दिबास–१४ का मतदाता सुकन महतोले भने, “जित्ने र हार्नेलाई कस्तो के लाग्यो कुन्नि ! मलाईचैं अझै एकमतले रन्काइरहेको छ।”

# नौ मतदान केन्द्रमा मतदान हुँदै

काठमाडौं, ३ जेठ/रासस

गत वैशाख ३० गते स्थगन भएकामध्ये पाँच स्थानीय तहका नौ मतदान केन्द्रमा आज निर्वाचन भइरहेको छ।



रुपनी गाउँपालिका–५ बसबिट्टीस्थित वडा कार्यालय भवनको मतदान केन्द्रमा मतदान गर्दै महिला। तस्वीरः रासस

निर्वाचन आयोगले जानकारी दिए अनुसार आज मतदान भइरहेकोमा काभ्रेपलाञ्चोकको पाँचखाल नगरपालिका–१३ स्थित श्रीराम मावि मतदान स्थलका दुई मतदान केन्द्र, अछामको पञ्चदेवल विनायक नपा–५ को नवज्योति माविका दुई मतदान केन्द्र, धनकुटाको शहीदभूमि गाउँपालिकाको ठाकुरदेवी माविको तीन मतदान केन्द्र, कञ्चनपुरको पुनर्वास नगरपालिका–१० को विजय माविको १ मतदान केन्द्र, बाजुराको बूढीनन्दा नगरको पिस क्रिएटिभ एकेडेमीस्थित १ मतदान केन्द्र रहेको छ।

राजनीतिक दल र उम्मेदवार तथा अन्य पक्षको विवादका कारण स्थगन भएका १७ जिल्ला, २८ स्थानीय तहका ४४ मतदान स्थलका ८५ मतदान केन्द्रमध्ये निर्वाचनको नयाँ मिति तोकिने र निर्वाचन हुने क्रम जारी रहेको छ। स्थगन भएकामध्ये जेठ १ गते ७ र २ गते १३ मतदान केन्द्रमा शान्तिपूर्णरूपमा मतदान सम्पन्न भएको छ।

जेठ ४ गतेका लागि तनहुँको व्यास नपा–४ को गाविस भवन मतदान स्थलका दुई केन्द्र, रौतहटको गढीमाई नपा–३ स्थित प्रावि लक्ष्मीपुरका दुई मतदान केन्द्र र वडा नं ६ को प्रावि आदर्श मावि मतदान स्थलको दुई मतदान केन्द्रमा मतदान हुने मिति तय भएको छ।

स्थागन भएकामध्ये बाजुराको बुढीगङ्गा नगरमा गत वैशाख ३० गते भएको मतदान प्रक्रिया रद्द भई अर्को मतदान गराउन मुख्य निर्वाचन अधिकृतको कार्यालबाट आएको सिफारिशका सम्बन्धमा गठित छानबीन समितिले स्थगलत अध्ययन गरी प्रतिवेदन बुझाउँदै छ।

# सुनको मूल्य प्रतितोला रु ९६ हजार ७००

काठमाडौं, ३ जेठ/रासस

सुनचाँदी बजारमा आज छापावाल सुनको मूल्य प्रतितोला रु ९६ हजार ७०० तोकिएको छ। पहेंलो धातु अघिल्लो दिन प्रतितोला रु ९६ हजार ५०० मा कारोबार भएको थियो ।



नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरण अनुसार आज तेजाबी सुनको मूल्य प्रतितोला रु ९६ हजार २०० छ। यसको मूल्य अघिल्लो दिन प्रतितोला रु ९६ हजार थियो।

त्यस्तै आज चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यका तुलनामा प्रतितोला रु २० ले बढेर रु एक हजार २६० तोकिएको महासङ्घले जनाएको छ।

अन्तर्राष्ट्रिय बजारमा आज सुन प्रतिऔंस एक हजार ८२५ डलर आसपास कारोबार भइरहेको छ।

# प्रतिनिधिसभा नियम निलम्बन प्रस्ताव स्वीकृत

काठमाडौं, ३ जेठ/रासस

प्रतिनिधिसभा बैठकमा नियम निलम्बनको प्रस्तावलाई स्वीकृत गरेको छ । प्रतिनिधिसभाको मङ्गलवारको बैठकमा काङ्ग्रेस सचेतक पुष्पा भुसाल (गौतम)ले प्रस्तुत गरेको उक्त प्रस्ताव बैठकले बहुमतले स्वीकृत गरेको हो । उक्त नियम निलम्बनको प्रस्तावलाई सांसदहरू देवप्रसाद गुरुङ र जीवनप्रेम श्रेष्ठले समर्थन जनाएका थिए।



मङ्गलवार बसेको प्रतिनिधिसभाको बैठक। तस्वीरः रासस

प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १४२ को उपनियम (४) मा राजस्व र व्ययको वार्षिक अनुमान प्रस्तुत हुनुभन्दा कम्तीमा १५ दिनअगावै बजेट तयारीका लागि विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकतामाथिको छलफल गरिनुपर्ने प्रावधान छ। स्थानीय निर्वाचनका कारण उक्त अवधिमा छलफल गर्न नभ्याइने भएकाले नियमको सो प्रावधान निलम्बन गरिएको हो।



भक्तपुरको चाँगुनारायणमा गहुँ भिऱ्याउँदै स्थानीय किसानहरू। तस्वीरः रासस

# नेप्से परिसूचक उच्च अङ्कले घट्यो

काठमाडौं, ३ जेठ/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक मङ्गलवार उच्च अङ्कले ओरालो लागेको छ। शेयर कारोबार मापक नेप्से परिसूचक ८४.९० अङ्कले ओरालो लागेर दुई हजार २६५.५२ मा ओर्लेको छ। यस्तै, ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक १५.२८ ले ओरालो लागेर ४३८.६८ मा सीमित भएको छ।




कारोबार भएका २२१ कम्पनीका ३५ लाख ९५ हजार ७४८ कित्ता शेयर रु एक अर्ब ६४ करोड ४० लाख ९६ हजार १९३ मूल्यमा खरीद–बिक्री भए। कारोबार भएका कुल १३ उपसमूहको शेयर मूल्य ओरालो लागेको छ। बैंकिङ ३७.९५, व्यापार ६०.८६, होटल तथा पर्यटन ७७.०८, विकास बैंक १६३.६९, जलविद्युत् १४२.५, वित्त १०१.८७, निर्जीवन बीमा ४८५.८१, उत्पादन ११३.१९, अन्य १०९.५५, लघुवित्त १४३.२८, जीवन बीमा ५९२.५९, सामूहिक लगानी कोष ०.२४ र लगानी २.५९ अङ्कले ओरालो लागेको छ।

कारोबारका आधारमा जाल्पा सामुदायिक लघुवित्त शीर्ष स्थानमा छ। सो कम्पनीको रु नौ करोड ७९ लाख नौ हजार ५१३ बराबरको कारोबार भयो। त्यस्तै, अरुण भ्याली हाइड्रोपावर रु पाँच करोड ६९ लाख ५१ हजार १२७, सानिमामाई हाइड्रोपावर रु पाँच करोड ५६ लाख ३४ हजार २७९, सूर्य लाइफ इन्स्योरेन्स रु पाँच करोड ५२ लाख ६५ हजार १८१ र माथिल्लो तामाकोशी रु पाँच करोड १९ लाख ७२ हजार बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए।

नेप्सेका अनुसार सामुदायिक लघुवित्त ४.९६, बोटलर्स नेपाल २, एनआइबिएल समृद्धि फन्ड १.६६, सनराइज फस्ट म्युचुअल फन्ड १.०४ र एनएमबी ५० का लगानीकर्ताले ०.९३ प्रतिशतले कमाए। त्यस्तै, युनाइटेड इन्स्योरेन्स, लुम्बिनी जनरल इन्स्योरेन्स र सूर्योदय बोमी लघुवित्तका लगानीकर्ताले १० प्रतिशतले गुमाए। बुद्धभूमि नेपाल हाइड्रोपावर ९.८४ र इमर्जिङ नेपाल ९.५६ प्रतिशतले गुमाए।

# आयुर्वेदको गौरव-गरिमा

**वनौषधिको सूक्ष्मीकृत उपचार प्रक्रिया**

ब्रह्मवर्चसका वैज्ञानिकरू गहन मनोवैज्ञानिक जाँच पडतालपछि व्यक्तित्व सम्बन्धी यी विकृतिको निदान गर्छन्। आत्म-प्रत्यय, व्यक्तित्व विश्लेषण एवं विभिन्न मनोआध्यात्मिक प्रश्नावलीहरूको माध्यमबाट ती प्रसुप्त मनोविकारको जाँच गर्छन् जुन बहिरङ्गमा देखिने लक्षण-शारीरिक रोगको मूलमा निहित हुन्छ। प्रायश्चित्त परम्पराको माध्यमबाट साधक, परीक्षार्थीसँग उसको विगतको चिन्तन क्रियाकलाप वर्तमान मनस्थिति तथा भविष्यप्रति दृष्टिकोण जान्ने प्रयास गरिन्छ। चिकित्सातन्त्रप्रति आस्था एवं वातावरणमा विद्यमान विशिष्टता उसको गहिरोभन्दा गहिरो ग्रन्थी खोल्न सहायक हुन्छ। पोलिग्राफ, लाइडिटेक्टर नामक यन्त्रले यस प्रक्रियामा सहायता गर्छ। यसमा छालाको विद्युतीय प्रतिरोध मांसपेशीको विद्युत् तथा मस्तिष्कको अल्फा वेब्स नापिन्छ एवं बायोफिडब्याक यन्त्रद्वारा परीक्षार्थीलाई क्रमशः ग्रन्थिमुक्त हुने शिक्षण दिने व्यवस्था पनि छ। साधारण स्थितिमा यही उपकरण व्यक्तिको ध्यान एकाग्रतामा वृद्धि तथा मनःशक्ति संवर्द्धनद्वारा विद्युतीय त्वचा प्रतिरोधमा अन्तरको रूपमा परीक्षणको काम लाग्छ।

अहिले उद्धत स्वभावसरह अपराधी कृत्य, आत्महत्या, बलात्कारमा वृद्धि भइरहेको छ। अभक्ष्य भक्षण, नशाबाजीको युग चलिरहेको छ। यी सबमा पनि जनमानसमाथि कम कुप्रभाव परिरहेको छैन। चिन्तन र चरित्र गिरावटको पनि मनोविकार अभिवृद्धिमा योग हुनुपर्छ।

यही कारण हो कि शारीरिक र मानसिक रोगको व्यापकता र गहिराइ दुवै बढ्दै छ। रोगमा रक्तचाप वृद्धि, पाचनतन्त्रको विकृति, रक्तविकार, दमा, जननेन्द्रियको रोग तथा मानसिक तनाव आदिको बाहुल्य छ। नयाँ औषधि प्रतिदिन निस्किन्छ तर केही दिनमै त्यो गुणहीन हुन थाल्छ।

यस्तो दशामा वनौषधिको सूक्ष्म शक्तिको उपयोग गर्नुपर्छ। त्यो वायुभूत बनाएपछि सासद्वारा मस्तिष्कको अनेक क्षमता क्षेत्र र शरीरको अन्तरङ्ग अवयवसम्म सजिलै पुऱ्याउन सकिन्छ। त्यसको प्रभाव क्षमता बढी एवं स्थायी छ। यी औषधिको कार्यकारी घटकको अन्तरङ्ग यसको परीक्षण अवयवसम्म तुरुन्त पुग्ने सामर्थ्य एवं प्रभावको रूपमा गर्न सकिन्छ। रेडियो इम्युनो एसे तथा स्पेक्ट्रो फोटोमेट्रीद्वारा यो हेर्न सकिन्छ कि कति चाँडै विभिन्न औषधि सङ्घटक जीवकोषसम्म पुग्छ र अन्तःस्रावलाई सक्रिय गर्छ। यो प्रक्रिया तप्त-चूर्ण रूप एवं क्वाथ-द्रव्य रूपमा प्रयोग गर्नुको अपेक्षा बढी लाभदायक सिद्ध हुन्छ।

जुन अवयवमा जुन रसायनको, जुन ऊर्जा तत्त्वको कमी हुन्छ त्यो उपयुक्त सामग्री पस्किएपछि अग्निहोत्र वाष्पबाट तानिन्छ र आवश्यकता पूर्ति हुन्छ। जे कमी रहन्छ त्यो यज्ञावशिष्ट भस्म एवं चरू सेवनको माध्यमबाट पूरा हुन्छ। यही अग्निहोत्र प्रक्रिया आफ्नो ऊष्माबाट वायुभूत तैलीय औषधि तत्त्व फोक्सोबाट अवशोषण गराइन्छ। यसले अल्पमात्रामा त्वचाबाट हुने श्वसन प्रक्रियाको गति बढाउँछ। यसलाई बायटेलोग्राफ (स्पायरोमेट्री) द्वारा लङफङ्क्शन्स तथा प्लेथिज्मोग्राफीद्वारा हृदयभित्र एवं रक्तको आयतन ज्ञात गरेर मापन गरिन्छ। यो कार्य ब्रह्मवर्चसको प्रयोगशालामा भइरहेको छ। अग्निहोत्र उपचारको यही विशेषता छ कि शारीरिक एवं मानसिक रोगमा जुन तत्त्वको कमी हुन्छ त्यसलाई धुवाँबाट सजिलै तान्न सकिन्छ। साथै प्रश्वासद्वारा भित्र पसेको अवाञ्छनीय तत्त्वलाई बाहिर धकेलेर सफाइको आवश्यक प्रयोजन पूरा गर्छ। बहुमुखी सन्तुलन बसाउने माध्यम हरेक प्रकारको विकृतिको निराकरणमा असंदिग्धरूपले सफल हुन्छ।

अग्निहोत्र उपचार एक प्रकारको समूह चिकित्सा हो, जसबाट एकै प्रकृतिको विकृतिवाला विभिन्न रोगी लाभान्वित हुन्छन्। यो सुनिश्चितरूपले त्वरित लाभ पुऱ्याउने, सबैभन्दा सुगम र सस्तो उपचार पद्धति हो। जब वाष्पीभूत हुने औषधि तत्त्वलाई साससँग घोलिन्छ तब रक्तवाही संस्थानको बाटोमात्र होइन, कण-कणसम्म पुग्ने वायु सञ्चारको रूपमा पनि त्यहाँसम्म पुग्छ जहाँ त्यसको आवश्यकता हुन्छ।

यो बहुविदित तथ्य हो कि हाइपोक्सिया (कोमा) का रोगी अथवा भेन्टिलेशनमा व्यतिक्रम आएपछि, सास फेर्न कठिनाइ भएपछि नलिकाद्वारा नाकबाट अक्सिजन पुऱ्याइन्छ। तर यो अक्सिजनलाई शुद्ध रूपमा दिइँदैन, यसमा कार्बन डाइअक्साइडको लगभग ५ प्रतिशत मात्राको पनि एउटा सन्तुलित अंश रहन्छ, जसले मस्तिष्कको केन्द्रलाई उत्तेजित गरेर श्वसन प्रक्रियालाई नियमित बनाउन सकियोस्। अग्निहोत्रमा उत्पन्न वायु ऊर्जामा पनि यही अनुपात ग्याँसको सम्मिश्रण रहन्छ। विशिष्ट समिधामा प्रयुक्त हुनाले उत्पन्न ऊर्जा यस सम्मिश्रणलाई उपयुक्त स्तरको बनाउँछ। कुन समिधा र कुन वनौषधिको कति मात्रा ऊर्जा उत्पन्न गर्नको लागि प्रयुक्त गर्ने, यो यस विधाका विशेषज्ञहरूलाई थाहा छ एवं तदनुरूप परिवर्तन गरिरहन्छ।

शारीरिक रोग एवं मनोविकारबाट उत्पन्न विपन्नताबाट छुटकारा पाउन वनौषधिको सूक्ष्मीकृत चिकित्सा एउटा श्रेष्ठ एवं सांस्कृतिक आधारमा टिकेको उपचार पद्धति हो र पूर्णतः विज्ञानसम्मत छ भन्ने अब सुनिश्चित हुँदै गइरहेको छ।

**शारीरिक रोग एवं मनोविकारबाट उत्पन्न विपन्नताबाट छुटकारा पाउन वनौषधिको सूक्ष्मीकृत चिकित्सा एउटा श्रेष्ठ एवं सांस्कृतिक आधारमा टिकेको उपचार पद्धति हो र पूर्णतः विज्ञानसम्मत छ भन्ने अब सुनिश्चित हुँदै गइरहेको छ।**

# तीन सय ३५ स्थानीय तहको परिणाम : कुन दलले कति जिते ?

काठमाडौं, ३ जेठ/रासस

स्थानीय तह सदस्य निर्वाचन, २०७९ को जारी मतगणनाको परिणाम आउने क्रम जारी छ। मङ्गलवार साँझ ७ बजेसम्म निर्वाचनको आयोगको प्रणालीमा प्रविष्ट भए अनुसार ३३५ स्थानीय तहको अन्तिम मतपरिणाम सार्वजनिक भएको छ। मुलुकभर ७५३ पालिकाका लागि ३५ हजार २२१ पद छन्। वैशाख ३० गते भएको निर्वाचनमा स्थगन भएका १७ जिल्ला, २८ स्थानीय तहका ४४ मतदानस्थलबाहेकबाट मतपरिणाम आउने क्रम जारी रहेको छ।



तस्वीरः फाइल

मतगणना भइरहेका नगरपालिकामध्ये प्रमुख पदमा नेपाली काङ्ग्रेसले ३६ मा जीत हासिल गरी ७१ स्थानमा अग्रता कायम गरेको छ। सो पदमा नेकपा (एमाले)ले १८ स्थानमा जीत हासिल गरी ५५ स्थानमा अग्रता कायम गरेको छ। नेकपा (माओवादी केन्द्र)ले प्रमुख पदमा आठ स्थानमा जीत र १७ स्थानमा अग्रता कायम गरेको छ। नेकपा (एकीकृत समाजवादी)ले सो पदमा एक स्थानमा जीत र नौ स्थानमा अग्रता कायम गरेको छ। अन्यले तीन स्थानमा विजय हासिल गरी २९ स्थानमा अग्रता कायम गरेका छन्।

मतगणना भइरहेका नगरपालिकामध्ये उपप्रमुख पदमा काङ्ग्रेसले २७ स्थानमा जीत हासिल गरी ६३ स्थानमा अग्रता कायम गरेको छ। सो पदमा नेकपा (एमाले)ले २२ स्थानमा जीत हासिल गरी ६७ स्थानमा अग्रता कायम गरेको छ। नेकपा (माओवादी केन्द्र)ले उपप्रमुख पदमा ११ स्थानमा जीत र २२ स्थानमा अग्रता कायम गरेको छ। नेकपा (एकीकृत समाजवादी)ले सो पदमा तीन स्थानमा जीत र सात स्थानमा अग्रता कायम गरेको छ। अन्यले दुई स्थानमा विजय हासिल गरी २२ स्थानमा अग्रता कायम गरेका छन्।

मतगणना भइरहेका गाउँपालिकाको अध्यक्ष पदमा नेपाली काङ्ग्रेसले ११७ स्थानमा जीत हासिल गरी ६८ स्थानमा अग्रता कायम गरेको छ। सो पदमा नेकपा (एमाले)ले ७७ स्थानमा जीत हासिल गरी ४० स्थानमा अग्रता कायम गरेको छ। नेकपा (माओवादी केन्द्र)ले अध्यक्ष पदमा ६६ स्थानमा जीत र २० स्थानमा अग्रता कायम गरेको छ। नेकपा (एकीकृत समाजवादी)ले चार स्थानमा जीत र चार स्थानमा अग्रता कायम गरेको छ। अन्यले आठ स्थानमा विजय हासिल गरी २६ स्थानमा अग्रता कायम गरेका छन्।

मतगणना भइरहेका गाउँपालिकाको उपाध्यक्ष पदमा नेपाली काङ्ग्रेसले १२० स्थानमा जीत हासिल गरी ६६ स्थानमा अग्रता कायम गरेको छ। सो पदमा नेकपा (एमाले)ले ७२ स्थानमा जीत हासिल गरी ४३ स्थानमा अग्रता कायम गरेको छ। नेकपा (माओवादी केन्द्र)ले उपाध्यक्ष पदमा ६७ स्थानमा जीत र २१ स्थानमा अग्रता कायम गरेको छ। नेकपा (एकीकृत समाजवादी)ले सात स्थानमा जीत र तीन स्थानमा अग्रता कायम गरेको छ। अन्यले सात स्थानमा विजय हासिल गरी २४ स्थानमा अग्रता कायम गरेका छन्।

मतगणना भइरहेका स्थानीय तहका वडाध्यक्ष पदमा नेपाली काङ्ग्रेसले एक हजार ७२२ मा जीत हासिल गरी ९५ स्थानमा अग्रता कायम गरेको छ। सो पदमा नेकपा (एमाले)ले एक हजार ३१९ मा जीत हासिल गरी ११४ स्थानमा अग्रता कायम गरेको छ। नेकपा (माओवादी केन्द्र)ले वडाध्यक्ष पदमा ७४२ स्थानमा जीत र ३१ स्थानमा अग्रता कायम गरेको छ। जनता समाजवादी पार्टी नेपालले सो पदमा ११३ स्थानमा जीत र १७ स्थानमा अग्रता कायम गरेको छ। अन्यले ३४७ स्थानमा विजय हासिल गरी २३ स्थानमा अग्रता कायम गरेका छन्।

महिला सदस्य पदमा नेपाली काङ्ग्रेसले एक हजार ६९५ मा जीत हासिल गरी १०६ स्थानमा अग्रता कायम गरेको छ। सो पदमा नेकपा (एमाले)ले एक हजार ४२७ स्थानमा जीत हासिल गरी ११३ स्थानमा अग्रता कायम गरेको छ। नेकपा (माओवादी केन्द्र)ले महिला सदस्य पदमा ६९१ स्थानमा जीत र ३२ स्थानमा अग्रता कायम गरेको छ। जनता समाजवादी पार्टी नेपालले सो पदमा ११५ स्थानमा जीत र १९ स्थानमा अग्रता कायम गरेको छ। अन्यले ३०६ स्थानमा विजय हासिल गरी २० स्थानमा अग्रता कायम गरेका छन्।

दलित महिला सदस्य पदमा नेपाली काङ्ग्रेसले एक हजार ६४० मा जीत हासिल गरी १०४ स्थानमा अग्रता कायम गरेको छ। सो पदमा नेकपा (एमाले)ले एक हजार ४०१ मा जीत हासिल गरी ११३ स्थानमा अग्रता कायम गरेको छ। नेकपा (माओवादी केन्द्र)ले दलित महिला सदस्य पदमा ७१० मा जीत र ३२ स्थानमा अग्रता कायम गरेको छ। जनता समाजवादी पार्टी नेपालले सो पदमा १८५ मा जीत र १७ स्थानमा अग्रता कायम गरेको छ। अन्यले २९६ मा विजय हासिल गरी २० स्थानमा अग्रता कायम गरेका छन्। वडासदस्य पदमा नेपाली काङ्ग्रेसले तीन हजार ३८८ मा जीत हासिल गरी १०३ स्थानमा अग्रता कायम गरेको छ। सो पदमा नेकपा (एमाले)ले दुई हजार ८८८ मा जीत हासिल गरी १२३ स्थानमा अग्रता कायम गरेको छ। नेकपा (माओवादी केन्द्र)ले वडासदस्य पदमा एक हजार २९४ मा जीत र ३१ स्थानमा अग्रता कायम गरेको छ। नेकपा (एकीकृत समाजवादी)ले सो पदमा २४४ मा जीत र छ स्थानमा अग्रता कायम गरेको छ। अन्यले ६२५ स्थानमा विजय हासिल गरी ३२ स्थानमा अग्रता कायम गरेका छन्।

**निर्वाचन कसूरमा कारबाही गर्न निर्देशन**

यसैबीच, निर्वाचन आयोगले वैशाख ३० गतेको निर्वाचनका क्रममा गैरकानूनीरूपमा हुलदङ्गा, ढुङ्गामुढा, तोडफोड गर्ने, हातहतियारसहित मतदान केन्द्रमा प्रवेश गर्ने जस्ता कार्य गर्नेहरूलाई निर्वाचन कसूर तथा सजाय ऐन, २०७३ कारबाहीबारे नेपाल प्रहरीलाई आज स्मरण गराएको छ। कारबाहीबारे आयोगले आज गरेको सो निर्णयका आधारमा नेपाल सरकार गृह मन्त्रालयमार्फत ७७ वटै जिल्ला प्रहरी कार्यालयलाई निर्देशन दिइएको र सोको जानकारी प्रहरी प्रधान कार्यालयलाई दिइएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए।

## फरक समाचार

## विश्व उच्च रक्तचाप दिवस

उच्च रक्तचापको समस्या आजभोलि साधारण भइसक्यो। यसलाई मेडिकल भाषामा हाइपरटेन्शन भनिन्छ। यो यस्तो समस्या हो जसले मान्छेको ज्यानसमेत लिन सक्छ। यसलाई साइलेन्ट किलर पनि भनिन्छ। यस ज्यानमारा समस्याप्रति मान्छेमा जागरूकता जगाउन हरेक वर्ष १७ मेमा विश्व उच्च रक्तचाप दिवस (वर्ल्ड हाइपरटेन्शन डे) मनाइन्छ।



यो दिवसको शुरुआत हाइपरटेन्शन लिगले गरेको थियो। सन् २००५ मा वर्ल्ड हाइपरटेन्शन लिगको स्थापना भयो र १४ मे २००५ मा पहिलोपटक विश्व रक्तचाप दिवस मनाइएको थियो। तर सन् २००६ मा यसको तिथि १७ मे निर्धारित गरियो। त्यसपछि हरेक वर्ष १७ मेलाई वर्ल्ड हाइपरेन्शन डेको रूपमा मनाइन्छ। यस दिवसको उद्देश्य मान्छेलाई उच्च रक्तचापको जोखिम, रोकथामप्रति जागरूकता फैलाउनु हो।

सन् २००५ मा मनाइएको दिवसको पहिलो नारा 'हाइपरटेन्शनबारे जागरूकता' थियो। सन् २०२२ मा 'तपाईंको रक्तचाप सटीकरूपले नापौं, यसलाई नियन्त्रित गरौं, लामो समयसम्म बाँचौं' रहेको छ।

उच्च रक्तचाप यस्तो स्थिति हो जसमा धमनीमा रगतको दबाब निकै बढ्छ। यसको कारण रक्त धमनीमा रक्तको प्रवाह बनाइराख्न हृदयलाई सामान्यभन्दा बढी काम गर्नुपर्छ। उच्च रक्तचापलाई हृदयघातको ठूलो कारणमध्ये एउटा मानिन्छ। यसैले उच्च रक्तचापका बिरामीले सतर्कता पालन गर्नुपर्छ। हाइपरटेन्शन एउटा यस्तो बिमारी हो जसमा कुनै खास लक्षण देखिँदैन। यसकारण धेरैजसोले थाहा पाउँदैनन् कि उनीहरूको रक्तचाप बढी छ। कुन बेला हृदयघात हुन्छ यो पनि थाहा पाउँदैनन्। एउटा सामान्य व्यक्तिको रक्तचाप १२०/८० हुन्छ। यदि यसभन्दा बढी रक्तचाप भयो भने यसलाई उच्च रक्तचापको श्रेणीमा राखिन्छ।

**उच्च रक्तचापको लक्षणः** थकान महसूस हुनु। यदि तपाईंलाई दिनभरि थकान महसूस हुन्छ, कतै घुम्न जान मन लाग्दैन भने यो हाई ब्लडप्रेसरको कारणले हुन सक्छ।

**छाती दुख्नुः** उच्च रक्तचाप बढेपछि छातीमा दुखाइ हुन थाल्छ। छातीमा घोच्ने, भारीपन हुन्छ। बढी दुखाइ भएमा चिकित्सकसँग सम्पर्क गर्नुपर्छ।

**टाउको दुख्नुः** लगातार टाउको दुख्नु र सास फेर्न समस्या हुनु उच्च रक्तचापको सङ्केत हो।

**छालामा रातो दाना हुनुः** कैयौंपटक छालामा रातो दाना उम्रिन थाल्छ, यो उच्च रक्तचापको सङ्केत हो।

**खुट्टा सुन्निनुः** खुट्टा अचानक सुन्निनु उच्च रक्तचापको सङ्केत हो। साथै चक्कर लाग्ने, बान्ता हुनु पनि यसको लक्षण हुन सक्छ।

खराब खाना, अस्तव्यस्त जीवनशैली, बढी नून सेवन, वजन बढ्नु, बढी चिल्लो खाँदा पनि उच्च रक्तचाप बढ्छ। तसर्थ स्वस्थ खानपान, औषधि समयमा सेवन गर्ने, नियमित व्यायाम, बढी तनाव नलिने, धूमपान त्याग्नुपर्छ।

## संसारको सबैभन्दा तातो शहर जैकोबाबाद

पाकिस्तानको जैकोबाबाद संसारको सबैभन्दा तातो शहरमध्ये एउटा हो। अहिले यहाँ लूले जनजीवन अस्तव्यस्त बनाएको छ। ६१ वर्षपछि अप्रिल महिना



यहाँ निकै गर्मी भयो। यस शहरको तापमान १२० डिग्री फरेनहाइट अर्थात् ४८ डिग्री सेल्सियसभन्दा माथि छ। रातिको तापमान ९० को दशकदेखि जस्तै छ। जैकोबाबाद दक्षिण एशियामा सबैभन्दा बढी हीट-वेबको चपेटमा रहन्छ। सप्ताहान्तमा यहाँको तापमान ५१ डिग्री सेल्सियससम्म पुगेको थियो।

यस तस्वीरमा देखाइएको व्यक्ति ११ मेमा भीषण गर्मी भएपछि गधाको मदतबाट पङ्खा चलाउने तयारी गर्दैछन्। यो तस्वीर एएफपीले खिचेको हो। पाकिस्तानमा यस समय बिजुलीले पनि मान्छेको पसिना निकाल्दैछ। बिजुलीको अभावको कारण ग्रामीण क्षेत्रमा केवल ६ घण्टा र शहरमा १२ घण्टा मात्र बिजुली आपूर्ति हुन्छ।

पाकिस्तानको मिडिया डनले आफ्नो वेबसाइटमा गर्मीलाई लिएर एउटा आलेख प्रकाशित गरेको छ। यसमा लेखिएको छ विद्यार्थी सइद अलीलाई जैकोबाबादको अस्पतालमा भर्ना गर्नुपऱ्यो। हिटस्ट्रोकको कारण उसको शरीरले काम गर्न बन्द गऱ्यो। कडा घाममा विद्यालयबाट फर्केका अली चक्कर लागेर खस्यो। स्कूलमा पङ्खा नचल्दा दिनभरि ऊ निकै प्रताडित भएको थियो। हिटस्ट्रोकको कारण शरीर यति धेरै तातो हुन्छ, शरीरले आफूलाई अनुकूलित गर्न सक्दैन। चक्कर लाग्ने, बेचैनी हुने, अङ्ग सुन्निने, बेहोश हुने तथा मृत्यु पनि हुन सक्छ।

यस शहरका नहरहरू सुखिसकेका छन्। एनजिओद्वारा सञ्चालित हिटस्ट्रोक क्लिनिकका बशीर अहमदले गम्भीर स्थितिमा आउने रोगीको सङ्ख्या बढिरहेको बताए। उनले पहिले जून र जुलाईमा गर्मी चरममा हुन्थ्यो तर अब मे महिनामा नै चरम गर्मी भएको छ। घाममा काम गर्ने मजदुर निकै असुरक्षित छन्। ईंटाभट्टाका श्रमिकहरू १ हजार डिग्री सेल्सियस तापमानमा काम गर्न पुग्छन्।

यहाँ गधागाडाबाट रु ३२ प्रतिलिटर पानी बिक्री हुन्छ। ग्रामीण क्षेत्रका महिलाहरू बिहान ३ बजे कुवामा पानी लिन पुग्छन्। पर्यावरण एनजिओ जर्मनवाचद्वारा सङ्कलित ग्लोबल क्लाइमेट रिस्क इन्डेक्स अनुसार जलवायु परिवर्तनको कारण यस चरम मौसममा पाकिस्तान आठौं सबैभन्दा कमजोर देश हो। हालै यहाँ बाढी, सुक्खा, चक्रवातले हजारौंको ज्यान लिएको थियो।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## उत्तर कोरियामा १४ लाख ८० हजारजनामा ज्वरो


तस्वीरः सिन्हवा

प्योङयाङ, ३ जेठ/एएनआई/सिन्हवा

प्रजातान्त्रिक जनवादी गणतन्त्र कोरियामा ज्वरोबाट पीडित व्यक्तिहरूको सङ्ख्या सोमवार १४ लाख ८० हजार पुगेको कोरियाली केन्द्रीय समाचार एजेन्सीले मङ्गलवार उल्लेख गरेको छ। सोमवार मात्रै २ लाख ६९ हजार नयाँ बिरामी फेला परेका छन् । तीमध्ये १,७०,४६० जना उपचारपछि निको भएका छन् भने छजनाको मृत्यु भएको समाचार एजेन्सीले राज्य आपतकालीन महामारी रोकथाम मुख्यालयलाई उद्धृत गर्दै जनाएको छ ।

अप्रिलको अन्त्यमा देशमा ज्वरोको प्रकोप भएदेखि अहिलेसम्म ८ लाख १९ हजारभन्दा बढी ज्वरो आएका व्यक्ति निको भइसकेका छन् भने ६ लाख ६३ हजार ९०० भन्दा बढी उपचाररत छन् भने मृत्यु हुनेको सङ्ख्या ५६ पुगेको छ। मङ्गलवारको अर्को रिपोर्टमा समाचार एजेन्सी केसिएनएले औषधिको आपूर्ति सुनिश्चित गर्न तत्काल कदम चालिएको र जनसेनाको सैन्य मेडिकल फोर्स सोमवार प्योङयाङका सबै फार्मेसीहरूमा तैनाथ गरिएको र २४ सै घण्टा सेवा प्रणाली अन्तर्गत औषधि आपूर्ति गर्न थालेको बताएको छ ।

केन्द्रीय आपतकालीन महामारी रोकथाम क्षेत्रले यो रोगबाट निको भएका व्यक्तिहरूमा पुनः सङ्क्रमण हुन नदिन महामारीको फैलावट रोक्न र सङ्क्रमण नियन्त्रण गर्न प्रयास गरेको जानकारी दिएको छ।

साथै देशभरका औषधि कारखाना र चिकित्सा उपकरण कारखानाहरूले अत्यावश्यक औषधि र स्वास्थ्य सामग्रीको उत्पादन बढाएका छन् ।

प्योङयाङले बिहीवार देशमा पहिलोपटक कोभिड-१९ सङ्क्रमणको पुष्टि गर्दै देशव्यापी लकडाउन घोषणा गरेको छ । रासस

## दक्षिण कोरियामा एकै दिन ३५ हजारभन्दा बढी सङ्क्रमित


तस्वीरः फाइल

सोल, ३ जेठ/सिन्हवा

दक्षिण कोरियामा कोभिड-१९ को सङ्क्रमणबाट एकै दिन ३५ हजार जनाभन्दा बढी सङ्क्रमित भएको पाइएको छ । अधिकारीहरूले दिएको जानकारी अनुसार यहाँ गएको २४ घण्टाभित्र ३५ हजार ११७ जनामा कोभिड सङ्क्रमण भएको छ।

दक्षिण कोरियाका स्वास्थ्य अधिकारीहरूले दिएको जानकारी अनुसार गएको २४ घण्टा यता देखिएको यो सङ्क्रमण पहिलेको भन्दा कम भए पनि उल्लेख्य मात्रामा कम हुन भने सकेको छैन । यहाँ पछिल्ला हप्ताहरूमा कोभिड सङ्क्रमित बढ्दै गएकाले अहिले १ करोड ७८ लाख ३० हजार मानिसमा कोभिडको चपेटमा पुगेको समाचारमा जनाइएको छ ।

यहाँ करीब दुई हप्ता अघिसम्म दैनिक कम्तीमा १ लाख मानिसमा कोभिड सङ्क्रमण सरेको पाइएको थियो। यो हप्ता भने त्यसमा कमी आएको छ। सङ्क्रमणबाट पछिल्लोपटक २७ जनाको ज्यान गएको बताइएको छ । यहाँ अहिलेसम्म कोभिडबाट २३ हजार ७२५ जनाको ज्यान गएको बताइएको छ ।

दक्षिण कोरियाका स्वास्थ्य अधिकारीहरूले यहाँका कोभिड सङ्क्रमितहरूमा मृत्यु दर भने न्यून रहेको बताएका छन् । रासस

**एक दिनमा एक हजार ५६९ कोरोना सङ्क्रमित**

नयाँ दिल्ली/सिन्हवा

भारतमा २४ घण्टाको समयावधि अर्थात् सोमवार मध्यरातिसम्म एक हजार ५६९ व्यक्ति कोरोनाका थप सङ्क्रमित भए पछि यहाँ कुल सङ्क्रमितको सङ्ख्या चार करोड ३१ लाख २५ हजार ३०७ पुगेको केन्द्रीय स्वास्थ्य मन्त्रालयले मङ्गलवार जानकारी दिएको छ। यसका साथै २४ घण्टाको समयमा महामारीका कारण थप १९ को मृत्यु भएपछि देशभर कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या पाँच लाख २४ हजार २६० पुगेको छ ।

यस बेला भारतमा ९१७ जना सक्रिय सङ्क्रमितको सङ्ख्या घटेपछि हाल भारतभरि सक्रिय सङ्क्रमित १६ हजार ४०० रहेका पनि सो मन्त्रालयले जानकारी दिएको छ। चौबीस घण्टाको समयावधि अर्थात् सोमवार मध्यरातिसम्म दुई हजार ४६७ जना कोरोना सङ्क्रमित निको भएका छन् ।

यससँगै हालसम्म चार करोड २५ लाख ८४ हजार २४३ लाई कोरोना सङ्क्रमण निको भएको छ । रासस

## इन्डोनेशियामा शक्तिशाली भूकम्प

जकार्ता ३ जेठ/सिन्हवा

इन्डोनेशियाको जकार्तामा मङ्गलवार शक्तिशाली भूकम्पको धक्का महसूस भएको बताइएको छ। मङ्गलवार बिहानै शक्तिशाली रहेको र यसबाट भएको क्षतिको खोजी भइरहेको छ ।

भूकम्पको प्रभावित रहेको क्षेत्रमा उद्धार तथा खोजीको काम भइरहेको




पश्चिमी इन्डोनेशियाको बेंकुलुमा भूकम्पको धक्का महसूस भएको बताइएको छ । सो भूकम्प ६ म्याग्निच्युडको रहेको अधिकारीहरूले जनाएका छन्। यहाँको भौगर्भिक सर्वेक्षण संस्थाले जनाए अनुसार सो भूकम्प बताइएको छ । प्रारम्भिक रिपोर्टमा अहिलेसम्म क्षतिको कुनै विवरण थाहा भएको छैन। तर अधिकारीहरूले भूकम्प शक्तिशाली भएकोले भौतिक तथा मानवीय क्षति भएको अनुमान गरिएको बताएका छन् । रासस

बालबालिकाकालाई समयमैं विद्यालय पठाऔं,
उनीहरूको भविष्य उज्ज्वल बनाऔं ।

वीरगंज महानगरपालिका कार्यालय

### आजको राशिफल

| | |
|---|---|
| मेष – अलमल | वृष – नारीसुख |
| मिथुन – शत्रुपराजय | कर्कट – सुसमाचार |
| सिंह – भयचिन्ता | कन्या – राज्यलाभ |
| तुला – अतिथिआगमन | वृश्चिक – अन्नलाभ |
| धनु – व्यर्थभ्रमण | मकर – धनलाभ |
| कुम्भ – सफलता | मीन – राज्यलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याहृन १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

## ठोरीको अध्यक्षमा एमालेका श्रेष्ठको अग्रता

प्रस, ठोरी, ३ जेठ/

ठोरी गाउँपालिकाको अध्यक्ष पदका उम्मेदवार एमालेका लालबाबू श्रेष्ठले अग्रता कायमै राखेका छन्। उनले जारी मतगणनामा तीन हजार १८० मत प्राप्त गरी अग्रता कायम गरेका छन्। उनका निकटतम प्रतिद्वन्द्वी निवर्तमान अध्यक्ष एवं माओवादी केन्द्रका उम्मेदवार पद्मलाल श्रेष्ठले दुई हजार ५२५ मत पाएका छन् ।

नेपाली काङ्ग्रेसका वृहस्पतिकृष्ण श्रेष्ठ तेस्रो स्थानमा छन्। उनले दुई हजार २९६ मत पाएका छन् ।

उपाध्यक्षमा एमालेकी गोकुली रेग्मी तीन हजार ५६९ मतले अग्रस्थानमैं छिन्। दोस्रोमा माओवादी केन्द्रकी निरु तामाङले दुई हजार ३९२ मत ल्याएकी छन् भने नेपाली काङ्ग्रेसकी थिङमाया लामाले एक हजार ८८९ मत प्राप्त गरेकी छन्।

ठोरी गापाको वडा नं ४ वडाध्यक्षमा नेकपा एमालेका मानबहादुर थिङसहित तीनजना सदस्य विजयी भएका छन् । नवनिर्वाचित थिङ ६६ मतान्तरले विजयी भएका हुन् ।


मानबहादुर थिङ

ठोरी गापामा पाँचवटा वडा छन् र अब मात्र वडा नं ५ को मतगणना बाँकी छ ।

## धनुषाको चार पालिकाको अन्तिम मतपरिणाम सार्वजनिक

## दुईमा काङ्ग्रेस, एमाले र जसपा एक/एकमा विजयी

जनकपुर, ३ जेठ/रासस

धनुषाको चार पालिकाको अन्तिम मतपरिणाम सार्वजनिक भएको छ । तीमध्ये दुईवटा पालिकाको अध्यक्ष र उपाध्यक्ष काङ्ग्रेसले जितेको छ भने नेकपा (एमाले) र जनता समाजवादी पार्टीले एक/एक पालिकामा जीत हासिल गरेका छन् ।


लक्ष्मीनियाँ गाउँपालिकाको अध्यक्षमा काङ्ग्रेसका भोगेन्द्र मिश्र ।

धनुषाको धनौजी गाउँपालिका र लक्ष्मीनियाँ गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षमा काङ्ग्रेसका उम्मेदवार विजयी भएका छन् भने औरही गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षमा एमाले तथा जनकनन्दनी गाउँपालिकाको अध्यक्षमा जसपाका उम्मेदवार विजयी भएका छन् ।

लक्ष्मीनियाँ गाउँपालिकाको अध्यक्षमा काङ्ग्रेसका भोगेन्द्र मिश्र र उपाध्यक्षमा फूलकुमारी यादवनी विजयी भएका छन्। अध्यक्षमा तीन हजार ७६५ मत ल्याएर काङ्ग्रेसका मिश्र निर्वाचित हुँदा उनका निकटतम प्रतिद्वन्द्वी जसपाका शत्रुधन यादव तीन हजार ४९७ मत प्राप्त गरे ।

यस्तै, उपाध्यक्षमा काङ्ग्रेसकी फूलकुमार यादवनी तीन हजार ६२८ मत प्राप्त गरी विजयी हुँदा उनका निकटतम प्रतिद्वन्द्वी जसपाकी विमलाकुमारी यादवले तीन हजार ४६० मत ल्याइन् ।

यस्तै, धनुषाको धनौजी गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षमा नेपाली काङ्ग्रेसका उम्मेदवार विजयी भएका छन् । धनौजी गाउँपालिकाको अध्यक्षमा दुई हजार २६२ ल्याएर काङ्ग्रेसका राजकुमार साह विजयी भएका छन् भने उपाध्यक्षमा काङ्ग्रेसकै रामवतीदेवी मण्डल दुई हजार ४३० मतका साथ विजयी भएकी छन् ।

अध्यक्षमा निर्वाचित साहका निकटतम प्रतिद्वन्द्वी लोसपाका जीवेन्द्र झाले दुई हजार १६२ तथा उपाध्यक्षका निकटतम प्रतिद्वन्द्वी लोसपाकै रञ्जीतादेवी मण्डलले एक हजार ९०१ मत प्राप्त गरेको निर्वाचन अधिकृत पोषराज खनालले जानकारी दिए ।

धनुषाको औरही गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षमा एमालेका उम्मेदवार निर्वाचित भएका छन् । अध्यक्षमा एमालेका उमाशङ्करप्रसाद साह र उपाध्यक्षमा पूनमकुमारी साह निर्वाचित भएको निर्वाचन अधिकृत रत्नेश शशीले जानकारी दिए ।

अध्यक्षमा तीन हजार ३२६ मत ल्याएर साह निर्वाचित हुँदा उनका निकटतम प्रतिद्वन्द्वी काङ्ग्रेसका ब्रह्मदेव


धनुषाको जनकनन्दनी गाउँपालिकाको अध्यक्ष दिपिनदेव यादव ।

यादवले दुई हजार ९२३ मत ल्याएका थिए। उपाध्यक्षमा एमालेकै पूनमकुमारी साह दुई हजार ९४९ मत ल्याएर निर्वाचित भएकी छन् भने उनका निकटतम प्रतिद्वन्द्वी काङ्ग्रेसकी रिङ्कीकुमारी मण्डलले दुई हजार ७९० मत प्राप्त गरिन् । कुल छवटा वडा रहेको सो गाउँपालिकामा १४ हजार ४६८ मतदाता रहेका छन् ।


धनौजी गाउँपालिकाको अध्यक्षमा काङ्ग्रेसका राजकुमार साह ।

यस्तै, धनुषाको जनकनन्दनी गाउँपालिकाको अध्यक्षमा जनता समाजवादी पार्टी र उपाध्यक्षमा काङ्ग्रेसका उम्मेदवार विजयी भएका छन् ।

गाउँपालिका अध्यक्षमा तीन हजार १५८ मत प्राप्त गरी जसपाका दिपिनदेव यादव र उपाध्यक्षमा काङ्ग्रेसकी कमला सहगल दुई हजार ९९८ मतसहित निर्वाचित भएको निर्वाचन अधिकृत ठूलोबाबू दाहालले जानकारी दिए ।


औरही गाउँपालिकाको अध्यक्ष एमालेका उमाशङ्करप्रसाद साह ।

अध्यक्षमा निर्वाचित यादवका निकटतम प्रतिद्वन्द्वी काङ्ग्रेसका सुदेशकुमार चौधरीले दुई हजार ७७८ मत प्राप्त गरेका छन् भने उपाध्यक्षमा निर्वाचित सहगलका निकटतम प्रतिद्वन्द्वी जसपाकी गीता सुडीले दुई हजार ८४० मत प्राप्त गरेकी थिइन् ।

# परवानीपुर गापा अध्यक्षमा एमालेका कुर्मी विजयी

प्रस, परवानीपुर, ३ जेठ/

बाराको परवानीपुर गाउँपालिकाको अध्यक्षमा एमालेका रामक्षत्रीप्रसाद कुर्मी विजयी भएका छन्। कुर्मीले दुई हजार ९१७ मत ल्याएका छन्।

गत चुनावमा कुर्मी एमालेबाटै दोस्रो स्थानमा समेटिएका थिए। यसपालिको चुनावमा उनका प्रतिस्पर्धी लोसपाका जगतनारायण महतोले दुई हजार ४४३, काङ्ग्रेसका लालबाबूप्रसाद यादवले दुई हजार ४२६ मत ल्याएका छन्।

गापा उपाध्यक्षमा एमालेकै सुगान्धीदेवी कानू विजयी भएकी छन्। निर्वाचित उपाध्यक्ष कानूले तीन हजार २३२ मत ल्याएकी छन्।

त्यसैगरी, गापाको वडा नं १ बुनियादमा काङ्ग्रेसका चोकट महतो, वडा नं २ रामपुर मुसहरीमा एमालेका महमद नुरुलहोदा अन्सारी, वडा नं ३ लिपनीमा एमालेकै इब्राहिम मियाँ धोबी, वडा नं ४ चैनपुरमा लोसपाका गम्भीरा पटेल, वडा नं ५ बहुअरीमा जसपाका रामेश्वर साह कलवार विजयी भएका छन्। परवानीपुर गाउँपालिका लोसपाका


परवानीपुर गाउँपालिकाको अध्यक्षमा विजयी भएका रामक्षत्रीप्रसाद कुर्मी र उपाध्यक्षमा विजयी भएकी सुगान्धीदेवी कानू। तस्वीरः प्रतीक

प्रभावशाली नेता जीतेन्द्र सोनलको गृह पालिका हो। योभन्दा अघिल्लो चुनावमा यहाँ लोसपाले अध्यक्ष र उपाध्यक्षमा विजयी भएको थियो। तर यसपालि टिकट वितरणमा उम्मेदवार परिवर्तन गरिएको कारण लोसपामा फुट देखिएको थियो। पूर्वअध्यक्ष हरिनारायण साह रौनियार तथा कार्यपालिका सदस्य सञ्जु साह जसपातिर लागेका थिए। जसले गर्दा लोसपाको गढ मानिएको परवानीपुरमा एमालेको कब्जा हुन पुगेको हो।

# जीतपुरसिमराको १६ वटा वडाको मतपरिणाम सार्वजनिक

प्रस, जीतपुर, ३ जेठ/

जीतपुरसिमरा


शिवशङ्कर महतो धनबहादुर श्रेष्ठ हीराबहादुर गुरुङ

उपमहानगरपालिकाको २४ वटा वडामध्ये १६ वटा वडाको मतपरिणाम सार्वजनिक भएको छ।

आठवटा वडाको मतगणना भइरहेको निर्वाचन अधिकृतको कार्यालय, सिमराले जनाएको छ।

सहायक निर्वाचन अधिकृत बलराम खड्काका अनुसार नौवटा वडामा एमाले, पाँचवटा वडामा नेपाली काङ्ग्रेस र दुईवटा वडामा माओवादी केन्द्र विजयी भएका छन् भने मतगणनाको अन्तिम परिणाम अनुसार १६ वटा वडाको मतपरिणाम सार्वजनिक भएको छ।

वडा नं १ मा नेकाका हीराबहादुर गुरुङ, २ मा एमालेका धनबहादुर श्रेष्ठ, ३ मा एमालेका ताराबहादुर कार्की, ४ मा माओवादी केन्द्रका भोजबहादुर खत्री, ५ मा नेकाका दीपेन्द्र चौधरी, ६ मा एमालेका कैमुद्दीन अन्सारी, ७ मा एमालेका सुनील गुप्ता, ८ मा एमालेका शिवशङ्कर कुशवाहा, १७ मा एमालेका भीम लामा, १८ मा नेकाका चतुरबाबू वाग्ले, १९ मा माओवादी केन्द्रका दीपेन्द्रबहादुर क्षेत्री, २० मा एमालेका रसुल मियाँ अन्सारी, २१ मा एमालेका सुवास श्रेष्ठ, २२ मा नेकाका शेखरकाजी रूम्बा, २३ मा एमालेका मुस्तकिम अन्सारी, २४ मा नेकाका सुल्तान अन्सारी विजयी भएको प्राप्त विवरणमा उल्लेख छ।

पछिल्लो सार्वजनिक मतपरिणाम अनुसार नगरप्रमुख पदका उम्मेदवारहरूमा गठबन्धनबाट माओवादी केन्द्रका राजन पौडेलले १३ हजार ८८६, एमालेकी सरस्वती चौधरीले १२ हजार ५८० र राप्रपाका माधवप्रसाद त्रिपाठीले एक हजार २८ मत पाएका छन्।

त्यस्तै, उपप्रमुख पदका उम्मेदवारहरूमा एमालेका भोला अधिकारीले १२ हजार ८२६, गठबन्धनबाट नेपाली काङ्ग्रेसकी मेघा शाहीले ११ हजार ८९४ मत पाएको निर्वाचन अधिकृतको कार्यालय, सिमराले जनाएको छ।

# वीरगंज-१ मा जसपा र ३१ मा एमाले विजयी

प्रस, वीरगंज, ३ जेठ/

वीरगंज महानगरको वडा नं १ छपकैयामा जसपाले वडाध्यक्ष र सदस्यहरूमा क्लिन स्वीप गरेको छ। जसपाका मनोजराउत कुर्मी वडाध्यक्ष निर्वाचित भएका छन्।

काङ्ग्रेसका वडाध्यक्षका उम्मेदवार ओमप्रकाश गुप्ताको ७३३ मतविरुद्ध कुर्मीले ८५२ मत ल्याइ वडाध्यक्षमा निर्वाचित भएको वीरगंज महानगरका मुख्य मतदान अधिकृत धर्मराज पौडेलले बताए।

त्यसैगरी, सो वडामा महिला सदस्यमा जसपाकी राधिकादेवीले ८५२, दलित महिला सदस्य रामावतीदेवी पासवानले ८३७, दीपेन्द्रकुमार राउतले ७६७, विपिनकुमार कानूले ७७६ मत ल्याइ खुला सदस्यमा निर्वाचित भएका छन्।


तस्वीरः प्रतीक

**वीरगंज–३१ बेल्वामा एमालेका यादव विजयी**


तस्वीरः प्रतीक

मधेस प्रदेशको एकमात्र महानगर वीरगंजमा एमालेले खाता खोलेको छ। मतगणना शुरू भएको चार दिनदेखि सत्तारूढ गठबन्धन अन्तर्गतको जसपाका


तस्वीरः प्रतीक

नगरप्रमुखका उम्मेदवार राजेशमान सिंहले एमालेका उम्मेदवार विजयकुमार सरावगीभन्दा चार हजारभन्दा बढी मतले अग्रता कायम राखेको वीरगंजमा मङ्गलवार बिहान एमालेले वडा नं ३१ बेल्वामा क्लिन स्वीप गर्दै खाता खोलेको हो।

बेल्वाको वडाध्यक्षमा जसपाका सुलेमान अन्सारीले एक हजार २७३ मत पाउँदा ३४ मत बढी अर्थात् एक हजार ३०७ मत ल्याइ एमालेका जीतेन्द्र यादव वडाध्यक्षमा निर्वाचित भएका छन्। त्यसैगरी, ३१ नम्बर बेल्वाको महिला सदस्यमा जसपाकी राधिकादेवीले एक हजार ३१७, दलित महिला सदस्य रामावतीदेवी पासवानले एक हजार ३०९ मत, छोटेलालसाह कानूले एक हजार ३२१ मत र बिरा राउत कुर्मीले एक हजार २४९ मत ल्याइ खुला सदस्यमा निर्वाचित भएको वीरगंज महानगरका मुख्य मतदान अधिकृत धर्मराज पौडेलले बताए। अहिले वीरगंज महानगरको २, ३, ४, ५, २९, ३० वडाको मतगणना जारी छ।

यसैगरी, वीरगंज महानगर–२ मा नेपाली काङ्ग्रेसका महम्मद रेयाज मियाँ तेली विजयी भएका छन्। मङ्गलवार भएको मतगणनाबाट उनी विजयी भएको निर्वाचन अधिकृतको कार्यालय, वीरगंजले जनाएको छ। तेलीले एक हजार १२१ मत पाएका थिए भने उनका प्रतिद्वन्द्वी जसपाका शेख जलसुद्दीनले ८६७ मत प्राप्त गरेका थिए। तेस्रो स्थानमा रहेका नेकपा एमालेका मतलुन ठकुराइ मियाँले ७०७ मत पाएका छन्।

वीरगंज महानगरपालिकाको वडा नं ३० मा पनि जसपाले जीत हात पारेको छ।

वडा नं ३० मा जसपाका मनोजकुमार यादव निर्वाचित भएका छन्। नेपाली काङ्ग्रेसका उम्मेदवार अली हुसेन देवानलाई ५५ मतान्तरले पछि पार्दै जसपाका यादवले ६४१ मत पाएका थिए। काङ्ग्रेसका देवानले ५८६ मत पाएका थिए। एमालेका उम्मेदवार अमानत मियाँ भने ५२४ मत प्राप्त गरी तेस्रो स्थानमा रहे।

योसँगै जसपाले वीरगंज महानगरमा मङ्गलवारसम्म तीन स्थानमा जीत हासिल गरेको छ भने काङ्ग्रेस र एमालेले एक/एक स्थानमा विजय भएका छन्।

# प्रतिनिधिसभा नियम निलम्बन प्रस्ताव स्वीकृत

प्रस, सेढवा, ३ जेठ/

जीराभवानी गाउँपालिकामा नेपाली काङ्ग्रेसका उम्मेदवार अनोज चौधरीले अध्यक्ष पदमा अग्रता बनाएर राखेका छन्।

निवर्तमान अध्यक्ष एवं एमालेका उम्मेदवार रामप्रीत महतो थारूलाई उनले पछाडि पार्दै अग्रता कायम राखेका हुन्। चौधरीले जारी मतगणनामा चार हजार ४८ मत पाएका छन् भने थारूले तीन हजार १२१ मत पाएका छन्।

यसैगरी, उपप्रमुखमा नेपाली काङ्ग्रेसकी रेखा चौधरीले अग्रता कायमै राखेकी छन्। चौधरीले मङ्गलवार जारी मतगणनामा चार हजार १७४ मत प्राप्त गरेकी छन् भने उनका निकटतम प्रतिद्वन्द्वी एमालेकी उषादेवी थरुनीले दुई हजार ८०९ मत प्राप्त गरेकी छन्। शुरूदेखि नेकाकी चौधरीले अग्रता कायम राख्दै आएकी छन्।

यसैबीच, मङ्गलवार वडाध्यक्षमा दुईजना विजयी भएको निर्वाचन कार्यालयले घोषणा गरेको छ।

विजयी हुने दुवैजना वडाध्यक्ष नेपाली काङ्ग्रेसका हुन्। वडा नं ३ मा सुरजराय थारू र वडा नं ४ मा राजेशदास थारू विजयी भएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।


राजेशदास थारू


सुरजराय थारू

**आगलागी हुन नदिन चनाखो बनौं।**

आगलागीबाट बर्सेनि अर्बौं रुपियाँको क्षति हुने गरेको छ। सावधानी अपनाउन सके जनधनको क्षति रोक्न सकिन्छ। त्यसका लागिः

- खाना पकाइसक्ने बित्तिकै आगो, ग्याँस चुलो, स्टोभ वा हिटर निभाइहालौं।
- सिलिन्डरको रेगुलेटर, पाइप वा चुलोबाट ग्याँस लिक भएको छ/छैन, ध्यान दिने गरौं।
- ग्याँस वा पेट्रोलको गन्ध आए बेवास्ता नगरौं।
- सलाई, लाइटरजस्ता आगो सल्काउने वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं।
- खाना पकाइसकेपछि पानी छ्यापेर आगो निभाऔं।
- चुरोट, तमाखु, चिलिम, सुल्पा नखाऔं। खाएमा आगो राम्ररी निभाऔं।
- बिजुलीका तार, प्लग, स्वीच वा वायरिङ ठीक अवस्थामा छ/छैन नियमित जाँच गरौं।
- घरबस्तीनजीकै पोखरी, ट्याङ्की वा अरू कुनै तरीकाले पानीको जोहो गरिराखौं।

**विपद्बारे चासो राखौ, चनाखो बनौं**

नेपाल सरकार
विज्ञापन बोर्ड

# पोखरिया-९ मा सुशासन पार्टीका आलम विजयी

प्रस, वीरगंज, ३ जेठ/

पूर्वडिआइजी रमेश खरेलको पार्टीले पनि स्थानीय तह निर्वाचनमा एक सिट जितेको छ।

नेपाल सुशासन पार्टीले पर्साको पोखरिया नगरपालिकामा वडाध्यक्षमा एक सिट जितेको हो। पोखरिया वडा नं ९ मा ३७ वर्षीय नौशाद आलम विजयी भएका हुन्। आलमले ८७७ मत ल्याएका छन्। त्यस्तै, नेपाली काङ्ग्रेसका रामबाबूप्रसाद चौहानले ६७८ मत ल्याएका हुन्।

पूर्वडिआइजी खरेल प्रहरी महानिरीक्षक नबनाइएपछि राजीनामा दिएर राजनीतिमा होमिएका हुन्। राजीनामा दिएको केही समय उनी निष्क्रिय थिए। भ्रष्टाचार संस्थागतरूपमा मौलाएको भन्दै २०७६ फागुन २९ गते पूर्वडिआइजी खरेलको संयोजकत्वमा 'हाम्रो नेपाल सुशासन अभियान' शुरू भएको थियो। निर्वाचन आयोगमा पार्टी नै दर्ता गरेपछि खरेल तराईका जिल्लामा


नौसाद आलम

दौडधूपमा लागेका थिए।

नयाँ पार्टी खोलेका खरेलले काठमाडौं महानगरपालिकाको प्रमुखमा उम्मेदवारी दिने चर्चा पनि थियो।

